## लोक सेवा आयोग

### नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, पाँचौ, वरिष्ठ सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०९।०७

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

### विषय: सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. अभिलेख व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ? कार्यालयमा यसको आवश्यकता र महत्वबारे स्पष्ट गर्नुहोस । २+३=५

२. व्यवसायिक पत्राचार (Business Correspondence) भनेको के हो? व्यवसायिक पत्राचार गर्दा ध्यान दिनुपर्ने विषयहरू के-के हुन्? संक्षेपमा लेख्नुहोस् । १+४=५

३. सार्वजनिक प्रशासनको परिचय दिँदै यसका प्रमुख कार्यहरू उल्लेख गर्नुहोस् । २+३=५

४. जिन्सी व्यवस्थापन (Inventory Management) मा खरिद आदेश र दाखिला रिपोर्टको सम्बन्ध कस्तो हुन्छ? उदाहरणसहित लेख्नुहोस् । ५

५. सार्वजनिक संगठनको उद्देश्य प्राप्तिका लागि समूहगत कार्य (Team Work) ले पार्ने प्रभावबारे लेख्नुहोस् । ५

६. व्यवस्थापन सूचना प्रणाली (MIS) भन्नाले के बुझ्नुहुन्छ? कार्यालयमा यसको आवश्यकता र महत्व के छ? उल्लेख गर्नुहोस् । २+३=५

७. नेपालको आर्थिक प्रशासनमा देखिएका समस्याहरू पहिचान गर्दै तिनको समाधानका लागि अपनाउनुपर्ने उपायहरू संक्षेपमा उल्लेख गर्नुहोस् । २.५+२.५=५

८. Word Processing र Electronic Spreadsheet बीचका साझा विशेषता र कार्यहरू के-के हुन्? उल्लेख गर्नुहोस् । २.५+२.५=५

९. सार्वजनिक संस्थाको उद्देश्य एवं लक्ष्य प्राप्तिका लागि नेतृत्वमा आवश्यक पर्ने गुणहरूका सम्बन्धमा विवेचना गर्नुहोस् । १०

### खण्ड "ख" — ५० अङ्क

१०. नेपाल नागरिक उड्डयन प्राधिकरणको काम, कर्तव्य र अधिकार के-के हुन्? लेख्नुहोस् । ५

११. नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ ले 'कु' को परिभाषा कसरी गरेको छ? उल्लेख गर्नुहोस् । ५

१२. नेपाल नगारिक उड्डयन प्राधिकरण कर्मचारीहरूको सेवाका शर्त र सुविधासम्बन्धी नियमावली, २०५६ अनुसार प्राधिकरणको सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सक्ने अवस्था कुन-कुन हुन्? उल्लेख गर्नुहोस् । ५

क्रमशः –

१३. नेपाल नागरिक उड्डयन प्राधिकरणको आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षणसम्बन्धी व्यवस्था स्पष्ट गर्नुहोस् । ५

१४. हवाई नीति, २०६३ मा नेपाल नागरिक उड्डयन प्राधिकरणका के-कस्ता लक्ष्यहरू उल्लेख भएको पाउनुहुन्छ? लेख्नुहोस् । ५

१५. पर्यटन नीति, २०६५ का प्रमुख उद्देश्यहरू के-के हुन्? लेख्नुहोस् । ५

१६. नेपाल नागरिक उड्डयन प्राधिकरण र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच के-कस्तो अन्तरसम्बन्ध रहेको छ? उल्लेख गर्नुहोस् । ५

१७. हवाई उडानको क्षेत्रमा यात्रु सेवा सुविधा भन्नाले के लाई जनाउँछ? प्रष्ट पार्नुहोस् । ५

१८. नेपाल नागरिक उड्डयन प्राधिकरणको हालको कार्यलाई विभाजन गरी नियमनकारी (Regulatory) र संचालक (Operational) निकायहरू छुट्टाछुट्टै बनाउन खोजिएको सन्दर्भमा यसको आवश्यकता र उपादेयतामाथि प्रकाश पार्नुहोस् । १०

:: समाप्त ::